YOUR DESTINATION AT BAGLUNG

HOTEL PEACE PALACE
Tiger Chowk -2, Baglung, Nepal
Tel : 068-520380, 520980 | Mob. 9857620151
E-mail- nileshbgl@ntc.net.np
Web : www.hotelpeaceplace.com



बागलुङ र पोखराबाट एकसाथ प्रकाशित राष्ट्रिय दैनिक

# ढोरपाटन

www.dhorpatannews.com

Dhorpatan National Daily



Anjil Shakya
Managing Director

Feel Like Home
HOTEL THE RAJAN
Baglung-3, Baglung | 9857621364




१२ फागुन २०८२ मंगलबार | वर्ष २३ | अंक १७९ | नेपाल सम्वत् ११४६ | 24 February 2026, Tuesday | पृष्ठ ४ | मूल्य रु. ५ ।-


# जनताले मन र मत बदलिरहेको पुष्टि गर्ने तनहुँ र कास्की १ को यो तस्वीर

**ढोरपाटन संवाददाता**
पोखरा, ११ फागुन

तनहुँ क्षेत्र नम्बर १ मा २०७४ सालको चुनावमा एमालेका कृष्णकुमार (किसन)ले कांग्रेस उपसभापति रामचन्द्र पौडेललाई भारी मतले पराजीत गरे । कृष्णकुमारले ३४ हजार ४९२ मत पाउँदा रामचन्द्रले २७ हजार ६९० मतमा चित्त बुझाउनु पर्‍यो । तत्कालीन एमाले र माओवादी केन्द्रबीच चुनावपछि 'वाम एकता' गर्ने सहमतिसँगै चुनावमा होमिएका किसनसँगको हार रामचन्द्रको लागि अनपेक्षित थियो नै,समानुपातिकतर्फ तनहुँबाट प्राप्त मतमा पनि नेपाली कांग्रेसका निम्ति बिझाउने खालको थियो । तनहुँबाट एमालेले समानुपातिकतर्फ ५५ हजार २८५ मत पाउँदा कांग्रेसको भागमा ५३ हजार ७१९ मत परेको थियो । माओवादी केन्द्रले १० हजार ७९४ र नयाँ दल विवेकशील साझाले २ हजार ७५१ मत प्राप्त गरेको थियो । वाम एकता टिकेन ।


गण्डकी प्रदेश- तनहुँ, प्रतिनिधि सभा निर्वाचन क्षेत्र नं. १
रामचन्द्र पौडेल(७८ ♂) नेपाली काँग्रेस २५,३६१ निर्वाचित
एक बहादुर राना मगर(६३ ♂) नेपाल कम्युनिष्ट पार्टी (एमाले) १९,९८१
गोविन्द राज जोशी(७३ ♂) स्वतन्त्र ६,८८६
विकास सिग्देल(३० ♂) राष्ट्रिय स्वतन्त्र पार्टी ६,०४४
विनोद कुमार घर्ती(३९ ♂) राष्ट्रिय प्रजातन्त्र पार्टी २,४८४

| राजनीतिक दल / स्वतन्त्र | निर्वाचन चिन्ह | प्राप्त मत |
|---|---|---|
| नेपाल कम्युनिष्ट पार्टी (एमाले) | सूर्य | 55285 |
| नेपाली काँग्रेस | रुख | 53719 |
| एकल चिन्ह गोलाकारभित्रको हसिया हथौडा | गोलाकारभित्र हसिया हथौडा | 10794 |
| विवेकशील साझा पार्टी | तराजु | 2751 |
| राष्ट्रिय जनमुक्ति पार्टी | घर | 1424 |
| नयाँ शक्ति पार्टी, नेपाल | देब्रे आँखा | 761 |

२०७९ को चुनावसम्म आइपुग्दा नेपाली कांग्रेस र माओवादी केन्द्रसहित एमालेबाटै छुट्टिएको नेकपा एकीकृत समाजवादीबीच चुनावी तालमेल भयो । एमाले एक्लियो । तनहुँ १ बाट चुनाव जितेका किसन श्रेष्ठले रामचन्द्रलाई मैदान छाडे । उनी बारा क्षेत्र नम्बर ४ बाट उम्मेदवार बने । आफ्नो चुनावी क्षेत्रको विकासमा ध्यान नदिएको आरोप खेपेका रामचन्द्रले मिहिनेत गरे । पछिल्लो हार बिर्सने क्रममा उनले एमालेका एकबहादुर रानाभन्दा ५ हजार ३८८ मत बढी पाए । कुल खसेको मत ६८ हजार १७५ मध्ये पौडेलले २५ हजार ३१३ र रानाले १९ हजार ९२५ मत प्राप्त ल्याए ।

चुनाव त रामचन्द्रले जीते तर सो क्षेत्रबाट कांग्रेसले २० हजार ८९ मतमात्र प्राप्त गर्‍यो । अर्थात्,पौडेललाई मत दिनेहरु सबै कांग्रेसका बफादार कार्यकर्ता थिएनन् । किनकि, समानुपातिकमा मत हाल्नेहरु पार्टीका बफादार कार्यकर्ता हुन् । प्रत्यक्षतर्फको चुनावमा उम्मेदवारको व्यक्तित्व,नातागोताले प्रभाव पार्ने भए पनि समानुपातिकमा त्यस्तो हुँदैन । २ क्षेत्र रहेको अर्कोतर्फ २ निर्वाचन क्षेत्र रहेको कांग्रेसले समानुपातिकमा कुल ४२ हजार ३५२ मत प्राप्त गर्‍यो । त्यो २०७४ सालको चुनावको भन्दा ११ हजार ३६७ ले कम थियो । एमालेको अवस्था त झन नाजुक देखियो । एमालेले ३९ हजार ४४७, राष्ट्रिय स्वतन्त्र पार्टीले २२ हजार ८६८, नेकपा (माओवादी केन्द्र)ले १२ हजार पाँच सय ५७ र नेकपा (एकीकृत समाजवादी)ले १ हजार ३९० मत प्राप्त गरे ।

तनहुँको चुनावी परिणामलाई नै आधार मान्ने हो भने, पुराना दलहरुको पकड कम हुँदै गएको प्रष्ट तस्वीर आउँछ । मत परिणामले भन्छ-५ वर्षको बीचमा एमालेले समग्र तनहुँमा १५ हजार ८३८ जना शुभेच्छुक गुमायो । पार्टी फुटकै कारण देखाउने हो भने पनि एकीकृत समाजवादीले अघिल्लो चुनावमा त्यहाँ १ हजार ३९० मतमात्र ल्याएको छ । माओवादी केन्द्रले समानुपातिकमा प्रगति गरेको देखिँदा कांग्रेस र एमालेका कार्यकर्ता नयाँ दल रास्वपाको पक्षमा गएको प्रष्ट देखिन्छ ।

तनहुँ १ बाट विजयी बनेका पौडेल राष्ट्रपति बने । क्षेत्र खाली हुँदा २०८० को वैशाख १० गते उपनिर्वाचन भयो । १ लाख २३ हजार ३०५ मतदाता भएको सो चुनावमा ६५ हजार ३१६ जनाले मात्र मताधिकार प्रयोग गरे । ६४ हजार १३५ मत सदर हुँदा कांग्रेसका उम्मेदवार गोविन्द भट्टराईले रामचन्द्रको बिँडो थाम्न सकेनन् । रास्वपाबाट उम्मेदवार बनेका डा.स्वर्णिम वाग्लेले **बाँकी पृष्ठ २ मा**

## दुर्घटनामा मृत्यु हुनेको पहिचान खुल्यो
## छानबिन गर्न समिति

**पोखरा**/धादिङमा भएको बस दुर्घटनामा मृत्यु भएका १९ जनाकै सनाखत भएको छ ।

पोखराबाट काठमाडौँतर्फ आउँदै गरेको ग २ ख १४२१ नम्बरको यात्रुवाहक बस सोमबार राति साढे १ बजे बेनिघाट रोराङ ५ भैसीगौडास्थित पृथ्वी लोकमार्गमा दुर्घटना भएको थियो। बस त्रिशूली नदी किनारमा खस्दा १९ जनाको मृत्यु भएको छ । मृतक सबैको सनाखत भएको प्रहरीले जानकारी दिएको छ । घाइते २६ जनाको विभिन्न अस्पतालमा उपचार भइरहेको छ ।



प्रहरीका अनुसार मृतकमध्ये तीन जना विदेशी नागरिक रहेका छन् । २४ वर्षका बेलायती नागरिक स्टेवर्थ डोमिनिक इथान,भारतको उत्तर प्रदेशको बसहरि बहराइच घर भएका ३२ वर्षका मनिष सुक्ला र चिनियाँ नागरिक ४० वर्षकी झ्याङ चुनचुनको पनि मृत्यु भएको जिल्ला प्रहरी कार्यालय धादिङका सूचना अधिकारी डीएसपी प्रकाश दाहालले जानकारी दिए । सोमबार बिहानसम्म ९ जनाको मात्रै सनाखत भएकोमा बाँकीको दिउँसो आफन्तले पहिचान गरेका हुन् । यसैबीच दुर्घटनाबारे छानबिन गर्न सरकारले कार्यदल गठन गरेको छ ।

गृह मन्त्रालयले दुर्घटना छानबिनका लागि सहसचिवको नेतृत्वमा पाँच सदस्यीय कार्यदल गठन गरेको गृह प्रवक्ता आनन्द काफ्लेले जानकारी दिए ।

गृहमन्त्री ओमप्रकाश अर्यालको अध्यक्षतामा गृहसचिव, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका सचिव, सुरक्षा निकायका प्रमुखहरू, यातायात विभागका महानिर्देशक, सडक विभागका महानिर्देशक तथा यातायात व्यवसायी र मजदुर संघलगायत मन्त्रालयका पदाधिकारीहरूको उपस्थितिमा बसेको बैठकले उक्त निर्णय गरेको हो ।


## कर्मचारी आवश्यकता

**यस ढोरपाटन सञ्चार प्रा.लि.लाई बागलुङ र पोखरा कार्यालयका लागि निम्न कर्मचारी आवश्यक परेको हुदाँ योग्यता पुगेका इच्छुक नेपाली नागरिकताबाट दरखास्त आब्हान गरिन्छ।**

**१. पद : सह-लेखापाल ।**
**संख्या :** १ जना ।
**कार्यक्षेत्र :** बागलुङ कार्यालय ।

**२. पद : बजार प्रतिनिधी ।**
**संख्या :** २ जना ।
**कार्यक्षेत्र :** बागलुङ/पोखरा ।
**शैक्षिक योग्यता :** +२ उतिर्ण वा सो सरह ।
**तलव/सुविधा :** संस्थाको नियम अनुसार ।
**दरखास्त दिने अन्तिम मिति :** २०८२ फागुन २९ गते ।

**पूनश्च :** *अनुभवी र आफ्नो साधन भएकोलाई विशेष प्राथमिकता दिइने छ ।*

सम्पर्कका लागि :
**ढोरपाटन सञ्चार प्रा.लि.**
बागलुङ नगरपालिका-२ ट्राफिकचोक, बागलुङ । पोखरा-८ सिर्जनाचोक, कास्की
फोन नं. ०६८-५२००१६/०६१-५७८९०५, मो.९८४७६५९९०३/९८५६०५९९०३



## आदरणीय मतदाताज्यू !
## बागलुङ क्षेत्र नं. १ (एक) ।

तपाईं लगायत तपाईंको परिवार समेतको भोट यसपालि **गिलास चिन्हका कृष्ण प्र. अधिकारी**लाई दिनुहोला भनी मेरो विनम्र अनुरोध छ !

सिद्धान्त नमिल्न सक्ला, तर उनी सच्चा, स्वच्छ, पवित्र, इमानदार, सुशिक्षित, योग्य र सद्विचार तथा सद्विवेकका व्यक्तित्व हुन् !

**मर्मको कुरा :** तपाईंको १ (एक) मात्र भोटले वहाँलाई जिताउँदा तपाईंको मत-विवेकलाई पछुतो हुने छैन र तपाईंको मतको अपमान पनि हुने छैन !



**कृष्ण प्रसाद अधिकारी**

**वहाँलाई नछुटाउनु होला अनि नपछुताउनु होला !**

**केशव चन्द्र श्रेष्ठ, बागलुङ बजार (हाल काठमाडौं)**

सशुल्क विज्ञापन



## निःशुल्क
## पायल्स फिस्टुला फिसरको
अनुभवी डाक्टरहरुबाट जाँच तथा परामर्श




यहि माघ 26 गते देखि फागुन 12 गते सम्म

**न्यूलाईफ आयुर्वेद प्रा. लि.**
पृथ्वीचोक, पोखरा ☎ 061-544050 9856082394
Newlife Ayurveda @newlifeayurvedapvt.ltd www.newlifeayurveda.com



## Wanted

Srijana Secondary Boarding School invites aplication from eligible and experienced candidates for the following posts.

| Subject | Post | Level | Req. No. |
|---|---|---|---|
| Social Std. | Teacher | Secondary (Up to 10) | 1 |
| Science | Lab Assistant | Secondary (10+2 Science) | 1 |
| Computer | Teacher | Primary | 1 |

- Handwritten application along with CV should be submitted to school.
- Only short listed candidates will be called for the selection process.

**Srijana Secondary Boarding School**
Shanti Marga, Srijana Chowk, Pokhara
061-578053, 553595, 9846484548
Email: srijana.school2050@gmail.com

# सम्पादकीय

## सडक सुरक्षा मापदण्ड लागू होस्

पृथ्वी राजमार्गअन्तर्गत धादिङको बेनिघाट रोराङ गाउँपालिका-७ चरौंदी नजिकै सोमबार राति भएको बस दुर्घटनामा झण्डै १९ जनाले ज्यान गुमाएका छन् । पोखराबाट काठमाडौंका लागि छुटेको ग.२ ख १४२१ नम्बरको बस सोमबार बिहान त्रिशूली नदी किनारामा खस्दा सो दुर्घटना भएको हो । दुर्घटना भवितव्य हो । दुर्घटना कतिबेला हुन्छ भन्न सकिँदैन । दुर्घटनाका कहिले मानवीय त्रुटि त कहिले प्राकृतिक कारणले हुने गर्छन् । नेपालमा सडक दुर्घटनाका कारणहरु खोतल्न र न्यूनीकरणका लागि प्रभावकारी कदमहरु चालिएको छैन । चरौंदी दुर्घटनाकै कुरा गर्ने हो भने,भौगोलिक जटिलतासँगै उद्धारका सामग्री नहुँदा केहीलाई तत्काल अस्पताल पुर्‍याउन नसकिएको तथ्यले भने मन चिमोटेको छ । प्रत्यक्षदर्शीका भनाइहरुलाई गम्भीरतापूर्वक लिनुपर्ने देखिएको छ ।

पृथ्वी राजमार्गअन्तर्गतको धादिङ खण्ड दुर्घटनाको जोखिमपूर्ण क्षेत्र हो । सो क्षेत्रलाई सडक विभागले जोखिमपूर्ण क्षेत्रको रुपमा पहिचान त गरेको छ तर दुर्घटनालगत्तै उद्धारका लागि आवश्यक पर्ने सामग्रीको व्यवस्थापनमा भने ध्यान दिइएको पाइँदैन । दुर्घटना हुनासाथ चालकको लापर्वाही भन्ने वा खराब सडकलाई दोष दिएर उम्कने प्रवृत्ति अध्यावधि छँदैछ ।

पहाडी राज्य नेपालमा २००७ सालअघिसम्म जम्माजम्मी ५ किलोमिटर सडक कालोपत्रे गरिएको थियो । राणाहरुले मान्छेलाई बोकाएर काठमाडौंमा मोटर लगेका थिए । २००७ सालपछि हालसम्म देशका ७७ वटा जिल्लाहरु राष्ट्रिय सडक सञ्जालमा जोडिएका छन् । १ लाख किलोमिटरभन्दा लामो सडकमध्ये ७८ हजार किलोमिटर कालोपत्रे भएको छ । सडक सञ्जाल बिस्तार हुँदा दुर्घटना पनि त्यसरी नै बढेको छ । अघिल्लो वर्षसम्मको तथ्याङ्कलाई आधार मान्ने हो भने, विगत १० वर्षमा नेपालमा साना र ठूला गरेर झन्डै २ लाख ६० हजार वटा दुर्घटनाहरू भएका छन् भने आर्थिक वर्ष २०८०/०८१) मामात्र दुई हजार तीन सय ६९ जनाको ज्यान गएको छ । घाइतेको संख्या पनि उत्तिकै ठूलो छ । ती घाइतेहरुमध्ये पनि केहीको उपचारकै क्रममा मृत्यु हुने र बाँचेकाहरु पनि पूर्ण स्वस्थ नहुने गरेको सडक सुरक्षा विज्ञहरु बताउँछन् । औषतमा सडक दुर्घटनाबाट दैनिक ७ जनाको निधन हुनु सानो कुरा हैन । कुनै बेला असाध्य मानिएका टिबी,औलोजस्ता रोगबाट मृत्यु हुनेकोभन्दा सडक दुर्घटनाबाट ज्यान गुमाउनेको संख्या बढी हुनुलाई राज्यले गम्भीरताका साथ लिनुपर्छ । विश्व बैंकले गरेको एक अध्ययनले सडक दुर्घटनाको कारण नेपालले राष्ट्रिय गार्हस्थ उत्पादनको झण्डै ३ प्रतिशत वार्षिक घाटा बेहोर्दै आएको अनुमान गरेको छ । नेपालका सडकहरु सुरक्षित छैनन् । डिभाइडर र छेउतिर छेकबार नभएका,गाडीको भारबहन क्षमतालाई नजरअन्दाज गर्दै अत्यधिक उकालोतिर लगिएका, मोड र घुम्तीको ख्याल नगरिएका सडकहरु दुर्घटनाको कारक बन्ने गरेका छन् । सडक सुरक्षा मापदण्डको ख्याल नगर्ने,मदिरा सेवन र कतिपय अवस्थामा अत्यधिक तनावमा गाडी हुइँक्याउने चालकहरुको कारण पनि दुर्घटनाहरु भएका छन् ।

सडक सुरक्षा एवं दुर्घटना कम गर्नका निम्ति विज्ञहरुले नेपालमा कम्तिमा ७ हजार थप ट्राफिक प्रहरी वा ट्राफिक इन्स्पेक्टर भर्ना,सडकको गुणस्तर सुधार गर्न, मोटरसाइकल हेल्मेट अनिवार्य प्रयोग गर्नेलगायत विषयहरु अगाडि सारेका छन् । दैनिक दुर्घटनाको खबरहरु आइरहँदा राज्य यो समस्याप्रति गम्भीर बनोस् । अकालमा ज्यान गुमाउने अवस्थाको अन्त्य होस् र यसका लागि चर्चामा रहेको सडक सुरक्षा मापदण्ड कार्यान्वयनमा तत्परता देखाइयोस् ।

# पर्वतमा जोशीको घोषणापत्र : जिल्लाको समृद्धिका लागि '४ ज' को परिचालन

**ढोरपाटन संवाददाता**
पर्वत, ११ फागुन

आगामी फागुन २१ गते हुन लागेको प्रतिनिधि सभा सदस्यको निर्वाचनको लागि उम्मेदवारहरूले आफ्ना चुनावी घोषणापत्रहरू सार्वजनिक गरिरहेका छन् । आफ्ना प्रतिज्ञा पत्र तथा घोषणापत्रमा आगामी पाँच वर्षमा आफूले सम्पादन गर्न सक्ने कामहरूको बारेमा उल्लेख गरेर मतदातासामु उम्मेदवारहरूले मत मागिरहेका छन् ।

यही क्रममा नेपाली काँग्रेसको तर्फबाट पर्वतमा उम्मेदवार रहेका अर्जुनप्रसाद जोशीले पनि आफ्नो प्रतिज्ञा पत्र सार्वजनिक गर्दै जिल्लाको समुन्नतिका लागि आफूले देखेका सम्भावनाहरू उल्लेख गरेका छन् । विगतमा लगातार तीन पटक चुनाव जितेर 'म्यान अफ दी इलेक्सन' को नाम कमाएका उनले २०७४ र २०७९ सालको प्रतिनिधि सभा सदस्य निर्वाचनमा भने हार खानुभयो । नेकपा (एमाले)का उम्मेदवार पदम गिरीसँग लगातार दुई हार बेहोरेका जोशी यस पटक बदलिएको काँग्रेस र आफू अन्तिम पटक चुनावी मैदानमा रहेको उद्घोषका साथ मतदातासामु पुगेका छन् ।

उनै जोशीले मतदातासामु आफूले जिल्लाको समुन्नतिका लागि देखेका सूचक र सम्भावनाहरूबारे कुरा पनि बुझाइरहेका छन् । उनले पर्वतको समृद्धिका प्रमुख आधारका रूपमा '४ ज' लाई अगाडि सारेका छन् । उत्पादनमा आधारित बलियो अर्थतन्त्रका लागि जल, जमिन, जङ्गल र जनशक्तिलाई अधिकतम रूपमा परिचालन गर्न सकेमा अर्थतन्त्रको मार्गचित्र तयार हुने उनको अवधारणा छ ।

जल अन्तर्गत ऊर्जा र लगानीको मुहानका रूपमा कालीगण्डकी बहुउद्देशीय आयोजना राखिएको छ । मोदी खोला र कालीगण्डकी नदीको अथाह जलस्रोतलाई पर्वतको भाग्यसँग जोडिने भन्दै उनले 'कालीगण्डकी बहुउद्देशीय जलाशययुक्त आयोजना' लाई राष्ट्रिय गौरवको योजनाका रूपमा अघि बढाउन र कार्यान्वयन गर्न आफ्नो विशेष पहल रहने प्रतिबद्धता पत्रमा उल्लेख गरेका छन् । यस्तै, जलविद्युत् आयोजनाहरूमा स्थानीय बासिन्दा, वैदेशिक रोजगारीमा रहेका पर्वतवासी र उद्यमीहरूको 'सुरक्षित लगानी र सुनिश्चित लाभांश' को ग्यारेन्टी गर्दै उनीहरूलाई व्यावसायिक साझेदार बनाउन पहल गर्ने, कुनै पनि स्थानमा जलविद्युत् आयोजना निर्माण हुँदा स्थानीय जनताको लगानीलाई प्राथमिकतामा राख्न आवश्यक नीति-नियम बनाउन प्रभावकारी भूमिका खेल्ने पनि उल्लेख छ ।

जङ्गल र जडीबुटीलाई हरित समृद्धिको आधारका रूपमा लिंदै औषधि उत्पादन र प्रशोधनलाई प्राथमिकता दिने उल्लेख छ । जिल्लाको विशाल वन क्षेत्रमा रहेका बहुमूल्य जडीबुटीलाई कच्चा पदार्थको रूपमा मात्र नबेची पर्वतभित्रै वैज्ञानिक प्रशोधन केन्द्र र औषधि उद्योग स्थापना गर्न भूमिका खेल्ने, गैर-काष्ठ वन पैदावार अन्तर्गत अल्लो, लोक्ता, निगालो लगायतमा आधारित लघु-उद्यममार्फत स्थानीय जनसमुदायको प्रत्यक्ष सहभागितामा व्यापक रोजगारी र आयआर्जनका कार्यक्रम सञ्चालन गर्न भूमिका खेल्ने नेता जोशीले बताएका छन् ।



यस्तै, जमिन अन्तर्गत कृषि क्रान्ति र खानी उत्खनन गरिने कुरा प्रतिज्ञा पत्रमा लेखिएको छ । एकीकृत र व्यावसायिक कृषि अन्तर्गत अन्न, फलफूल र तरकारी खेतीलाई निर्वाहमुखीबाट व्यावसायिक बनाउन चक्लाबन्दी खेती र आधुनिक सिँचाइमा जोड दिने, खानीजन्य उद्योगको विकासअन्तर्गत जिल्लामा रहेका फलाम, ढुङ्गा र अन्य खानीहरूको वातावरणीय प्रभाव मूल्याङ्कन गरी वैज्ञानिक उत्खनन र प्रशोधन उद्योग सञ्चालन गर्ने वातावरण मिलाउने उनको प्रतिबद्धता छ ।

जनशक्ति अन्तर्गत दक्ष र उद्यमी युवालाई प्राथमिकतामा राखेर प्रविधि र सीपको संयोजन गर्दै युवा शक्तिलाई आधुनिक प्रविधि, सफ्टवेयर विकास र प्राविधिक सीपसँग जोडी स्वदेशमै उद्यमशील बनाउने नीति अघि सार्ने जोशीले बताएका छन् । पलायन रोक्का लागि 'स्टार्ट-अप' कार्यक्रम: नयाँ सोच भएका युवाहरूका लागि सहुलियतपूर्ण ऋण, अनुदान र बजार व्यवस्थापनको ग्यारेन्टी गरी 'गाउँमै कमाउने, गाउँमै रमाउने' वातावरण सिर्जना गर्न मैले संसदमा विशेष भूमिका खेल्ने उनको प्रतिबद्धता छ । उम्मेदवार जोशीले इतिहास र सभ्यतामा आधारित अर्थतन्त्रका रूपमा कालीगण्डकी नदीलाई हेरेका छन् । पर्वत एक भूगोल मात्र नभएर प्राचीन सभ्यता र संस्कृतिको जीवित सङ्ग्रहालय पनि भएको बताएका छन् । ऐतिहासिक र सांस्कृतिक गौरवलाई 'पर्यटकीय उत्पादन' का रूपमा विकास गरी जिल्लाको आयआर्जन बढाउन उनको सङ्कल्प छ । जसका लागि पवित्र मुक्तिनाथको काखबाट बहने कालीगण्डकी नदीको बाँसखर्कदेखि शालिग्राम क्षेत्रसम्मको तटीय क्षेत्रलाई 'गण्डक सभ्यता पदमार्ग' का रूपमा विकास गरिने, जिल्लाका धार्मिक र सांस्कृतिक सम्पदाहरूलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा 'ब्रान्डिङ' गरिने, कालीगण्डकी र शालिग्रामको ऐतिहासिक महत्वलाई अनिवार्य पर्यटकीय गन्तव्यका रूपमा विकास गर्ने आफ्नो मुख्य लक्ष्य रहेको जोशीले प्रतिज्ञा पत्रमा उल्लेख गरेका छन् ।

ऐतिहासिक र धार्मिक सम्पदाको गुरुयोजनासहितको संरक्षण, गुफा र तीर्थस्थलको संवर्द्धन, संस्कृति र जीवनशैलीलाई सांस्कृतिक गन्तव्यका रूपमा विकास गर्ने, सांस्कृतिक ग्राम स्थापना, पर्यटनमा आधारित अर्थतन्त्र, धार्मिक तथा आध्यात्मिक पर्यटन, आध्यात्मिक सर्किट, साहसिक पर्यटन, पर्या-पर्यटन, विकासको पूर्णता, आधुनिक शिक्षा, गाउँका स्वास्थ्य चौकीहरूमा प्रयोगशाला,स्वास्थ्य बिमाको सहज पहुँच, सडक सञ्जालको स्तरोन्नति लगायत विषय पनि उनको प्रतिज्ञा पत्रमा उल्लेख छन् ।

अबको राजनीति पुरानो ढर्राले मात्र नचल्ने भन्दै उनले नयाँ पुस्ताले चाहेजस्तो आधुनिक सोच र प्रविधिमैत्री नीति बनाउन आफ्नो भूमिका विशेष हुने बताएका छन् । भ्रष्टाचाररहित सरकारी सेवा, भ्रष्टाचारमा शून्य सहनशीलता, मोबाइल र इन्टरनेटमैत्री सरकारी सेवा, संविधान संशोधनका लागि पनि आफूले काम गर्ने नेता जोशीले बताएका छन् ।

# जनताले...

३४ हजार ९१८ मत ल्याउँदा गोविन्दको पक्षमा २० हजार १२२ मत आयो । गोविन्दले पाएको मत यसअघि काँग्रेसले समानुपातिकतर्फ प्राप्त गरेको मतभन्दा ३३ मात्र बढी हो । अर्थात् गोविन्दलाई काँग्रेसका बफादार कार्यकर्ताको मात्र मत आयो । रामचन्द्रको पालाका व्यक्तित्व हेरेर दिइएको मत उनको भागमा परेन । तनहुँ १ बाट समानुपातिकमा रास्वपाले १२ हजार ७३९ मतमात्र ल्याएको थियो । रास्वपाले एक वर्षको अन्तरालमा २२ हजार २५९ मत बढायो । स्वर्णिम र गोविन्दबीच १४ हजार ७९६ मतान्तर रहँदा एमालेका उम्मेदवार सर्वेन्द्र खनालले ८ हजार ४८८ मत प्राप्त गरे । २०७४ मा किसनले पाएको मतसँग तुलना गर्ने हो भने एमालेले तनहुँ १ मा ६ वर्षको अन्तरालमा २६ हजार ४४ जना शुभेच्छुक गुमायो । समानुपातिककै परिणामसँग तुलना गर्ने हो भने पनि एमालेको संगठनबाट ८ हजार १५५ जना अलगिए । तनहुँ क्षेत्र नम्बर एमालेले समानुपातिकतर्फ १६ हजार ६४३ मत ल्याएको थियो ।

आउँदो फागुन २१ मा हुने चुनावमा तनहुँ १ मा १ लाख ३६ हजार १९८ जना मतदाता छन् । तनहुँ काँग्रेसले ७ हजार हाराहारी क्रियाशिल सदस्य रहेको दाबी गरेको छ भने एमालेको ११ औं महाधिवेशनमा तनहुँबाट ५ हजार २४२ जना संगठित सदस्यले सहभागिता जनाएका थिए । त्यसको आधा हिस्सा क्षेत्र नम्बर १ को थियो । अहिले त्यहाँ रास्वपाका स्वर्णिम दोहोरिन खोज्दैछन् भने काँग्रेसका गोविन्द र एमालेकी भगवती न्यौपाने र नेकपाका विद्यानाथ ढकाल,उज्यालो नेपाल पार्टीका मञ्जिल राना,श्रम संस्कृति पार्टीका काशीराम गुरुङसहित १६ जना चुनावी मैदानमा छन् । हिजोका काँग्रेसी नेता गोविन्दराज जोशीका छोरा दीपकराज जोशी पनि यो चुनावमा होमिएका छन् ।

जनताले मन र मत बदलिरहन्छन् । हाल एमालेका सचिव रहेका कास्की क्षेत्र नम्बर १ निवासी खगराज अधिकारी यसका भुक्तभोगी हुन् । २०४८ सालदेखि निरन्तर सोही क्षेत्रबाट प्रतिस्पर्धा गर्दै आएका उनलाई पहिलो चुनाव फापेन । २०४८ सालमा काँग्रेसका तारानाथ रानाभाटले २० हजार ४१६ मत ल्याउँदा खगराजले १८ हजार ६८३ मतमात्र पाए । २०५१ सालमा परिणाम उल्ट्याउँदा खगराजले १९ हजार ९६५ मत प्राप्त गरे भने तारानाथले १८ हजार ७१४ मत ल्याए । २०५६ सालमा चाहिँ तारानाथले आफ्नो मत बढोत्तरी गर्दै २३ हजार ९३९ पुऱ्याउँदा खगराजको मत केही बढ्यो तर जीतको लागि पर्याप्त बनेन । खगराजले त्यो चुनावमा २० हजार १९६ मत ल्याएका थिए । २०६४ मा माओवादीको माहौल थियो । देव गुरुङ १७ हजार ४०७ मतले विजयी हुँदा एमालेका खगराजले दोस्रो भएर १४ हजार ८८६ मत ल्याए । काँग्रेस तेस्रो बन्यो । मनाङबाट पनि जितेका देवले सो क्षेत्र छाडेपछि भएको उपनिर्वाचनमा पनि माओवादीका कृष्णबहादुर गुरुङ नै विजयी बने । २०७० मा भने मत बाँडियो । काँग्रेसका यज्ञबहादुर थापा १५ हजार ८३२ मतले विजयी हुँदा एमालेका खगराजले १५ हजार ५६० मत ल्याए ।

२०७४ सालमा सो क्षेत्रबाट ३९ हजार २ सय ४२ मत ल्याएर खगराज विजयी बन्दा काँग्रेसका यज्ञबहादुर थापाले २५ हजार ८२६ मत पाए । त्यो चुनावमा समानुपातिकतर्फ समग्रमा कास्कीबाट एमालेको पोल्टामा ८२ हजार ६४८,कांग्रेसले ६० हजार ७८९,माओवादीले १३ हजार ८८१,विवेकशील साझाले ७ हजार ३२७ मत गएको थियो । अर्थात्,कांग्रेस र एमालेको गढ मानिएको कास्कीमा विवेकशील साझाको उदय भएको थियो ।

२०७९ को चुनावमा कास्की क्षेत्र नम्बर १ मा प्रतिनिधिसभातर्फ एमालेका मनबहादुर गुरुङ २५ हजार ७०८ मतसहित विजयी बने । खगराजसँग तुलना गर्ने हो भने उनको पालामा आइपुग्दा एमालेको १३ हजारभन्दा बढी मत कम भयो । यद्यपि, त्यो चुनाव वाम गठबन्धनको थियो । काँग्रेसका किशोरदत्त बराल दोस्रो हुँदा प्राप्त मत २३ हजार ९८९ थियो भने तेस्रो हुने राष्ट्रिय स्वतन्त्र पार्टीका उम्मेदवार राजु राईले १० हजार ९४१ मत प्राप्त गरे । राष्ट्रिय प्रजातन्त्र पार्टीका सूर्यबहादुर गुरुङले ३ हजार ८ मत ल्याउँदा हाम्रो नेपाली पार्टीका प्रमोद आचार्यले १ हजार २९ मत ल्याएका थिए । काँग्रेसको हकमा चाहिँ अघिल्लो चुनावमा यज्ञबहादुरले प्राप्त गरेकोभन्दा २ हजार ६ सय ३७ मतमात्र कम भएको देखिन्छ ।

सो क्षेत्रमा समानुपातिकतर्फ एमालेले २१ हजार ४२३,कांग्रेसले १६ हजार २६८,राष्ट्रिय स्वतन्त्र पार्टीले १५ हजार ८६४,माओवादीले ५ हजार १०८,राष्ट्रिय प्रजातन्त्र पार्टीले ३ हजार ८६६ र एकीकृत समाजवादीले १ हजार १३ मत ल्याएका थिए । हाम्रो नेपाल पार्टी १ हजार १२७ मत ल्याउँदै एकीकृत समाजवादीभन्दा अगाडि थियो ।

एमालेले समानुपातिकतर्फ प्रत्यक्षतर्फका उम्मेदवार मनबहादुरले पाएकोभन्दा ४ हजार २८५ र कांग्रेसले किशोरदत्तको भन्दा ६ हजार ९२१ कम मत प्राप्त गऱ्यो । उता, रास्वपाले चाहिँ प्रत्यक्षतर्फका उम्मेदवार राजुले पाएकोभन्दा ४ हजार ९२३ मत बढी पायो । यसको मतलव यो हो कि, एमाले र कांग्रेसलाई मत र मन दिँदै आएका मतदाता रास्वपातिर सरे । किनकि, मंगोल नेसनल पार्टी, छाता चुनाव चिन्ह रहेको जनता समाजवादी पार्टी,राष्ट्रिय जनमोर्चा,मंगोल नेसनल अर्गनाइजेसनको समानुपातिक र प्रत्यक्षतर्फको मतमा खासै फरक थिएन । तर, मुख्य दलहरुको मतमा भने प्रत्यक्ष र समानुपातिकमा ठूलो अन्तर थियो । त्यो चुनावमा हाम्रो नेपाली पार्टी अर्थात् लौरो चुनाव चिन्हमा पनि नसोचेको मत खस्यो । त्यसो हुनुमा काठमाडौंका मेयर बालेन्द्र साहले नै लिएका लौरो चुनाव चिन्ह पनि कारक थियो । जसका कारण उम्मेदवार प्रमोद आचार्यबारे जानकारी नहुँदा-नहुँदै पनि त्यो पार्टीमा जनताले भोट बर्साएका थिए ।

प्रदेशतर्फ रास्वपाका उम्मेदवार थिएनन् । जसका कारण पुरानाा दलको मत पुरानैमा अडियो । समानुपातिकमा एमालेले प्राप्त गरेको २५ हजार ५२६,कांग्रेसले १९ हजार ८१२,राप्रपाले ६ हजार १६१,माओवादी केन्द्रले ५ हजार ४८६,हाम्रो नेपाल पार्टीले ३ हजार ५२९ र एकीकृत समाजवादीले १ हजार १६६ मत हेर्दा मुख्य दलका प्रतिनिधिसभा उम्मेदवारले प्राप्त गरेको मतकै हाराहारी देखिनुले पनि त्यही कुराको पुष्टि गर्छ ।

कास्की १ मा योपटक एमालेका वैनबहादुर अधिकारी क्षेत्री, कांग्रेसका तिलक रानाभाट,रास्वपाबाट खड्गराज पौडेल 'गनेस', नेकपाबाट राजकाजी गुरुङ 'करन' सहितका उम्मेदवार मैदानमा छन् । यो क्षेत्रमा एक लाख १६ हजार ८७८ जना मतदाता छन् ।


## आजको राशिफल



१२ फागुन २०८२ मंगलबार

मेष :- बोलीको सकारात्मक प्रभाव बढ्दै जाने ।
वृष :- कुनै नयाँ ज्ञान सिप सिक्ने मौका मिल्ने ।
मिथुन :- लगनशीलतामा केही कमी आउने ।
कर्कट :- ठिक समयमा उचित निर्णय लिन सफल भइने ।
सिंह :- विपरीत लिङ्गी साथीबाट राम्रो सहयोग प्राप्त ।
कन्या :- पूर्व सम्झौता तोडिने प्रबल सम्भावना ।
तुला :- सम्पन्न हुने लागेको काम अन्तिममा पुगेर बिग्रिने ।
वृश्चिक :- कला, साहित्य तथा मनोरञ्जनमा रुचि बढ्ने ।
धनु :- विशिष्ट व्यक्तिलाई अतिथिका रुपमा स्वागत गर्न पाइने ।
मकर:- चिठ्ठा, शेयर जस्ता क्षेत्रमा गरेको लगानी अनुत्पादक हुने ।
कुम्भ :- अधिकार प्राप्तिका लागि सङ्घर्ष गर्नुपर्ने ।
मीन :- मनमा प्रसन्नताको बहार छाउने ।

फोनबाटै ज्योतिषीय परामर्शका लागि
ज्यो. सूर्य पौडेल (9847654412 / 9806140816)



# निर्वाचन सफल बनाउन मुख्य निर्वाचन अधिकृतको आग्रह

**ढोरपाटन संवाददाता**
म्याग्दी, ११ फागुन

हिमाली जिल्ला म्याग्दीमा फागुन २१ गते हुने निर्वाचनलाई पूर्ण सफल बनाउनका लागि केन्द्रीत हुन मुख्य निर्वाचन अधिकृत सूर्यबहादुर थापाले आग्रह गरेका छन् । हरेक व्यक्तिमा राजनैतिक आश्था र बिचार हुने भएतापनि राजनीतिक आस्थाका जुत्ता चप्पलहरु बाहिरै तोकिएको काममा खट्न उनले आग्रह गरेका हुन् ।

प्रतिनिधिसभा सदस्य निर्वाचन २०८२ मा खटिने मतदान अधिकृत तथा सहायक मतदानअधिकृतहरुको अभिमुखीकरणमा सम्बोधन गर्दै थापाले सबैका नागरिक हैसियतका विचार हुन सक्ने भएको भए पनि राजनैतिक विचारलाई बाहिरै राख्नुपर्ने बताए ।



प्रमुख जिल्ला अधिकारी रवीन्द्र आचार्यले भने सुरक्षा व्यवस्था मजबुत बनाउन कुनै कसर बाँकी नराखिने बताए । जिल्लामा निर्वाचनका लागि एकिकृत सुरक्षा योजना बनाएर त्यसलाई कार्यान्वयनमा पनि लगिएको हुनाले सबैले निर्वाचन सम्पन्न गर्नु पर्ने जिम्मेवारीलाई मनन गर्न आग्रह गरेका थिए ।

जिल्ला निर्वाचन अधिकारी बिमल गौतमले सञ्चालन गरेको उद्घाटनसत्रमा आचारसंहिता अनुगमन अधिकृत तथा कोष तथा लेखा नियन्त्रक रामनाथ शर्मा, जिल्ला सुरक्षा समितिका पदाधिकारीलगायतको उपस्थिति रहेको थियो । निर्वाचनमा खट्ने मतदान अधिकृत र सहायक मतदान अधिकृतहरुको तालिम सोमबार र मंगलबार चल्ने छ । दुई समूह बनाएर दुई दिन हुने तालिम समेत तीन स्थानमा सञ्चालन हुने सहायक निर्वाचन अधिकृत एवम् जिल्ला अदालत म्याग्दीका श्रेस्तेदार जगत भण्डारीले जानकारी दिए ।

कुल ८६ हजार तीन सय ९७ मतदाता रहेको म्याग्दी जिल्लाको सबै भन्दा धेरै धवलागिरी माध्यमिक विद्यालय मतदान केन्द्र बेनी नगरपालिका ४ सिंगामा दुई हजार ६ सय १६ मतदाता रहेका छन् भने सबै भन्दा कम अन्नपूर्ण गाउँपालिका २ भूरुङ तातोपानीको सर्वोदय माध्यमिक विद्यालयमा दुई सय १० मतदाता रहेका छन् ।

जिल्ला कारागार शाखा बेनी र कर्मचारी मिलन केन्द्र बेनी गरी दुई वटा अस्थायी र १२० स्थायी मतदान केन्द्र निर्धारण गरीएको छ । ८२ मतदान स्थलमा एक सय २२ मतदान केन्द्र तोकिएको मुख्य निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ ।

# पारदर्शी निर्वाचनका लागि सत्य सूचना

बागलुङ/आसन्न निर्वाचनलाई निश्पक्ष र पारदर्शी बनाउन निर्वाचन आयोगले आचारसंहिता पालनामा कडाइ गरेको छ भने खर्चको पारदर्शीतालाई प्रभावकारी बनाएको छ । त्यसबाहेक गलत सूचनाका कारण आउन सक्ने भ्रम चिर्न र निर्वाचन सूचना सम्प्रेषण समन्वय युनिट समेत बनाएको छ ।



जिल्ला निर्वाचन अधिकारीको कार्यालयले सोमबार पत्रकार सम्मेलन गरेर उक्त जानकारी गराएको हो । निर्वाचनका लागि आवस्यक कर्मचारी खटनपटन भैसकेको र निर्वाचनमा आउन सक्ने सबैखाले बाधा व्यवधान कम गर्न पनि सुरक्षा संयन्त्र मजबुत बनाइएको, दैनिक रिपोर्ट गर्ने पद्दती बनाएको, जिल्ला तहदेखि प्रदेश तहसम्म नै अनुगमनको कार्यक्रम बनाइएको समेत बताइएको छ ।

प्रमुख जिल्ला अधिकारी कृष्णप्रसाद आचार्यले निर्वाचनमा आउन सक्ने सबै प्रकारका अवरोध हटाउन जिल्ला सुरक्षा समिति तयार रहेको बताए । 'सेना, प्रहरी र कर्मचारीको खटनपटन भैसकेको छ, नियमित रिपोर्टिङ पनि भएको छ' उनले भने, 'कारागार समेत सेनाको सुरक्षामा राखिएको छ ।' सही सूचना सम्प्रेषणका लागि संचार माध्यमलाई पनि आग्रह गरेको उनले बताए ।

उनका अनुसार, हाल जिल्लामा आवस्यक परेको १ हजार ३ सय ९० कर्मचारी आवस्यक परेकोले निजामती स्थायी र शिक्षक स्थायीलाई मात्र खटाइएको उनले बताए । उनका अनुसार सामाजिक संजालको उपयोग गरेर यो पटक अधिकतम सूचना प्रवाह गरिएको हो ।

जिल्ला निर्वाचन अधिकारी यज्ञप्रसाद रिजालले कम्तिमा एसएलसी उत्तिर्ण भएका स्वयंसेवकमार्फत फागुन ३ देखि १७ गतेसम्म मतदाता शिक्षा कार्यक्रम संचालन भैरहेको समेत बताए । साथै, अधिकतम् मत सदुपयोग हुने, बदर नहुने बनाउन पहल भएको पनि उनले बताए । यो पटक बागलुङमा गलकोट नगरपालिका-११ मा एक मतदान केन्द्र थप भएको समेत उनले बताए । बागलुङका ९४ हजार ८ सय ६ जना महिला र ९८ हजार ५ सय ७४ पुरुष गरी १ लाख ९३ हजार ३ सय ८१ जना मतदाताले यो निर्वाचनमा मत प्रकट गर्न पाउने छन् ।

प्रमुख जिल्ला अधिकारी कृष्णप्रसाद आचार्यको अध्यक्षता र निर्वाचन कार्यालयका गोकुल शर्माको संचालनमा सम्पन्न कार्यक्रममा नेपाल पत्रकार महासंघ बागलुङका अध्यक्ष राम थापा 'अविरल'ले पनि पत्रकारहरुले निर्वाचन सफल पार्न सहयोग गर्ने बताए । गलत सूचना प्रवाहमा महासंघले पनि पहल गर्ने र सामाजिक संजालमा आएका अफवाहमा भने महासंघ जिम्मेवार नहुने उनले जानकारी दिए ।

# बागलुङका आठ पालिकामा एचपिभि खोप लगाउन शुरु

**बागलुङ**/जिल्लाका आठ पालिकाका किशोरीलाई पाठेघरको मुखको क्यासर विरुद्वको (एचपिभि) खोप लगाउन शुरु गरिएको छ । बागलुङ, जैमिनी र ढोरपाटनका, बरेङ, बडिगाड, तमानखोला, निसीखोला र काठेखोलाका किशोरीलाई खोप लगाउन शुरु गरिएको हो ।



यसअघि गलकोट नगरपालिका र तारोखोलाका किशोरीलाई एचपिभि खोप लगाईसकिएको प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङका खोप सुपरभाइजर राजु खत्रीले जानकारी दिए । गलकोटका २ सय ६७ र ताराखोलाका ५४ किशोरीलाई खोप लगाईएको छ ।

यसवर्ष जिल्लाका २ हजार ३ सय २ किशोरीलाई एचपिभि खोप लगाउने योजना छ । तोकिएको उमेर समूहका कोही नछुटाउने गरी जनस्वास्थ्य कार्यालयले खोपका लागि विद्यालय र घरघरसम्म पुग्ने टोली समेत गठन गरेको छ ।

एचपिभि खोप अभियानसंगै नियमित खोप सेवा र छुटेका बालबालिकालाई खोपमा जोडिने प्रदेश जनस्वास्थ्य कार्यालयका प्रमुख प्रविण शर्माले जानकारी दिए । जिल्ला खोप समन्वय समितिको बैठकले खोप लगाउन सबै स्वास्थ्यकर्मीलाई खटाएको छ ।

गतवर्ष १० देखि १४ वर्ष उमेर समूहका किशोरीलाई खोप लगाइएको थियो । सो अभियानमा ११ हजार १ सय ७७ जनाले खोप लगाएका थिए । यो वर्ष पनि तोकेको लक्ष्य अनुसार सबैलाई खोप लगाइने छ । प्रदेश जनस्वास्थ्य कार्यालयका अनुसार, यो वर्ष कक्षा ६ मा पढ्ने किशोरीबाहेक १० वर्ष उमेर समूहका ६ जना भने विद्यालय बाहिर रहेको तथ्यांक छ । उनीहरुलाई पनि घरमै पुगेर खोप लगाइने भएको छ ।

कार्यालयले फागुन महिनालाई खोप महिनाको रुपमा नियमति अभियान पनि संचालन गर्ने जनाएको छ । हरेक वर्ष स्थानीय तहले पालिकालाई पूर्ण खोपयुक्त घोषणा गर्दै अद्यावधिक समेत गर्नुपर्ने प्रावधान छ । आगामी बैसाख महिनाभित्र खोप पुर्ण बनाएर पालिकालाई पूर्ण खोप सुनिश्चित भएको र दिगोपना भएको पालिका घोषणा गर्ने योजना छ ।

# पोउवा संघको सहयोगमा पोखरा रंगशालाभित्र खानेपानी फिल्टर मेसिन

**पोखरा**/पोखरा उद्योग वाणिज्य संघले पोखरा रंगशालामा अत्याधुनिक पानी ट्याङ्की (फिल्टर मेसिन) स्थापना गरेको छ । संघले आफ्नो ७२ औं वार्षिकोत्सवको अवसर पारेर जिल्ला खेलकुद विकास समितिमार्फत् सो पानी ट्याङ्की निर्माण गरेको हो ।




सोमबार नेपाल उद्योग वाणिज्य महासंघका वरिष्ठ उपाध्यक्ष अञ्जन श्रेष्ठले सो पानी ट्याङ्कीको अनावरण गरे । अनावरणसँगै करिब १ लाख ५० हजारको लागतमा निर्मित सो पानी ट्याङ्की जिल्ला खेलकुद विकास समिति कास्कीलाई हस्तान्तरण गरिएको संघका अध्यक्ष गोकर्ण कार्कीले जानकारी दिए । अध्यक्ष कार्कीका अनुसार पानी फिल्टर मेसिन बहुस्तरीय शुद्धीकरण प्रणालीयुक्त रहेको छ । सेडिमेन्ट फिल्टर, कार्बन फिल्टर र यूभी प्रणाली जडान गरिएको यो मेसिनबाट निस्कने पानी जीवाणुरहित, सुरक्षित र पिउनयोग्य हुनेछ । मेसिनबाट तातो र चिसो पानी आउने र फिल्टरले पोखरा रंगशालामा आउने खेलाडी तथा दर्शकहरुलाई स्वच्छ पानी उपलब्ध हुने पनि अध्यक्ष कार्कीको भनाइ छ । अध्यक्ष कार्कीले संघको वार्षिकोत्सवकै अवसर पारेर सो फिल्टर मेसिन रहेकै ठाउँको वरपर व्यक्तिगत लागतमा ५ वटा फलामे बेन्चसमेत प्रदान गरेका छन् । फिल्टर मेसिन हस्तान्तरण कार्यक्रममा बोल्दै नेपाल उद्योग वाणिज्य महासंघका वरिष्ठ उपाध्यक्ष अञ्जन श्रेष्ठले सामाजिक उत्तरदायित्वअन्तर्गत गरिएको यस्ता सहयोगले खेलकुदको विकासमा सघाउने बताए । खेल क्षेत्रको विकासमा निजी क्षेत्रको सहकार्य आवश्यक भएको पनि उनको भनाइ थियो । कार्यक्रम तथा पोखरा उद्योग वाणिज्य संघका अध्यक्ष गोकर्ण कार्कीले पोखराको जेठो संस्था पोउवा संघको ७२औं स्थापना दिवसको अवसरमा खेल क्षेत्रलाई सहयोग गर्न पाउँदा गौरव महसुस भएको बताए ।

जिल्ला खेलकुद विकास समिति कास्कीका अध्यक्ष मिलन गुरुङले सहयोगका लागि आभार व्यक्त गर्दै यसले खेलाडीलाई प्रत्यक्ष लाभ पुग्ने बताउँदै आगामी दिनमा समेत सहकार्यका लागि आग्रह गरे । संघका उपाध्यक्ष बलराम आचार्यको धन्यवाद ज्ञापन तथा संघकी महासचिव शोभा गौतको संचालनमा सो कार्यक्रम सम्पन्न भएको थियो । संघकी महासचिव गौतमका अनुसार सो फिल्टरले एक पटकमा ६ हजार लिटर पानी शुद्ध बनाउँछ ।


## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं १७ स्थित तल्लो बिरौटा स्टेट नं. ९ मा बाटो निर्माणको तपसिल बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सरोकारवालाहरूमा जानकारीका लागि यो सार्वजनिक सूचना जारी गरिएको छ ।

**योजनाको नामः** तल्लो बिरौटा स्टेट नं. ९ बाटो निर्माण
**उपभोक्ता समितिको नामः** तल्लो बिरौटा स्टेट नं. ९ बाटो निर्माण उपभोक्ता समिति
**योजनाको कुल लागतः** रु. ४,४६,०००।-
**सम्झौता मितिः** २०८२/०९/२५
**योजना सुरु मितिः** २०८२/०९/२६
**योजना सम्पन्न भएको मितिः** २०८२/१०/१२
**नगरपालिकाबाट प्राप्त हुनुपर्ने रकम :** रु. ४,००,०००।-
**उपभोक्ता समितिबाटः** रु. ४६,०००।-
**जम्मा खर्चः** रु. ४,४६,०००।-
**उपभोक्ता समितिका पदाधिकारी**
**अध्यक्षः** सावित्री भुषाल
**सम्पर्कः** ९८४६४८४८४७



## Armed Police Force Nepal

**No. 4 Muktinath Brigade,**
**HQs, Kaski**

### Invitation of bids for APF/SQW/082/083-001

Date of publication: 24th February, 2026

1. Armed Police Force, Nepal No. 4 Muktinath Brigade, HQs, Kaski invites sealed quotation for construction of RCC road works. Eligible bidders may obtain further information from office and a complete set of Bidding Documents may be purchased from the office Nepal APF Nepal No. 4 Muktinath Brigade HQs, Kaski by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee of Rs. 1000.00 till on 10th March 2026 during office hours.
2. Sealed bids must be submitted to the office Armed Police Force, Nepal No. 4 Muktinath Brigade, HQs, Kaski on or before 12:00 hours on 11th March 2026. Bids received after this deadline will be rejected. Bid Opening date: 13:00 hours on 11th March 2026.

| SN. | Name of Office/ Contact No. | Office Code No. | Revenue Account No. (Pra. Le.Ni.Ka.) | Revenue Title No. | Bid Security Deposit Account No./ Bank (Pra. Le.Ni.Ka.) |
|---|---|---|---|---|---|
| 1. | APF Nepal No.4 Brigade, HQs,Muktinath. Kaski 9851272025 no4bdgacc@gmail.com | 3010139044 | 1000100200010000 (Rastriya Banijya Bank, Prithivichowk, Kaski) | 14229 | (Kha-2-3) 3020100202030000 (Rastriya Banijya Bank, Prithivichowk, Kaski) |

| S.N. | Contract Identification No. | Description of Work | Address Contact | Estimated Amount (with VAT, PS) (Nrs) | Bid Security Amount (Nrs) | Cost of Bid Document (Nrs) |
|---|---|---|---|---|---|---|
| 1 | APF/SQW/082/083-001 | Construction of RCC Road works. | APF Nepal No.4 Brigade HQs. Muktinath, Kaski, 9851272025 no4bdgacc@gmail.com | 1999343.53 | 45000 | 1000 |

# पोखरामा कांग्रेसको चुनावी सभा

**पोखरा**/नेपाली कांग्रेसले फागुन १५ गते शुक्रबार पोखराको अमरसिंह चौरमा चुनावी सभा गर्ने भएको छ । नेपाली कांग्रेस कास्कीका सभापति किशोरदत्त बरालको अध्यक्षतामा बसेको बैठकले सभाको तयारी अघि बढाउने निर्णय गर्दै चुनावी सभा व्यवस्थापन समिति गठन गरेको हो ।  सभालाई नेपाली काँग्रेसका सभापति गगन थापा र उपसभापति विश्व प्रकाश शर्माले सम्बोधन गर्ने कार्यक्रम छ ।

नेपाली कांग्रेसका महासमिति सदस्य दीपक गुरुङ माइलाको संयोजकत्वमा गठित समितिको सदस्यहरुमा माया बराल क्षेत्री , दुर्गा लामिछाने, मदन बस्नेत, पुजन थकाली, विजय गुरुङ र मेख तामाङ रहनु रहेका छन् ।

प्रतिनिधि सभा सदस्य निर्वाचनका लागि कास्कीका तीन निर्वाचन क्षेत्रमध्ये क्षेत्र नं १ मा तिलक रानाभाट, क्षेत्र नं २ मा माधव प्रसाद बास्तोला मधु र क्षेत्र नं ३ मा मनोज  गुरुङ र समानुपातिकतर्फ आइबहादुर गुरुङ उम्मेदवार रहेका छन् । जनकपुरपछि कांग्रेस सभापतिले संवोधन गर्ने यो दोस्रो सभा हो ।

# दूरसञ्चार प्रभावकारी बनाउन पहल

**पोखरा**/आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनलाई लक्षित गर्दै दूरसञ्चार सेवालाई थप चुस्त र प्रभावकारी बनाउने विषयमा गृह मन्त्रालयले सरोकारवाला निकायसँग छलफल गरेको छ ।

नेपाल सरकारका प्रवक्ता तथा गृहमन्त्री ओम प्रकाश अर्यालको उपस्थितिमा भएको बैठकमा गृह मन्त्रालयका सचिव, प्रवक्तासहित उच्च अधिकारी, सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सचिव तथा सहसचिव, नेपाल दूरसञ्चार प्राधिकरणका प्रतिनिधि तथा विभिन्न सेवा प्रदायक कम्पनीका अधिकारी सहभागी थिए ।

बैठकमा निर्वाचनका समयमा विशेषगरी मतदान केन्द्रमा भरपर्दो सञ्चार पहुँच सुनिश्चित गर्ने, विद्यमान सेवालाई थप प्रभावकारी बनाउने, मर्मत सम्भार र अनुगमनलाई चुस्त राख्ने लगायत विषयमा समझदारी भएको जनाइएको छ । टेलिफोन, इन्टरनेटलगायतका सेवा अवरुद्ध नहुने गरी आवश्यक पूर्वतयारी गर्ने निर्णयसमेत गरिएको छ ।

गृहमन्त्री अर्यालले निर्वाचन प्रक्रियामा कुनै अवरोध नआओस् भन्ने उद्देश्यले दूरसञ्चार सेवा सहज, सुरक्षित र भरपर्दो बनाउन सम्बन्धित निकायलाई निर्देशन दिएका छन्। उनले सञ्चार मन्त्रालय मातहतका सरकारी सञ्चार माध्यम तथा दूरसञ्चार सेवासमेत प्रभावकारी रूपमा परिचालन गर्नुपर्नेमा जोड दिएका छन् । गृह मन्त्रालयले निर्वाचन अवधिभर सञ्चार सेवा निरन्तर सञ्चालनमा रहने गरी समन्वय र अनुगमनलाई प्राथमिकता दिने जनाएको छ ।


# Pokhara Metropolitan City

## Officeof Municipal Executive

**Newroad, Pokhara**

**Gandaki Province, Nepal**

## NOTICE OF INTENT

Date of Publication: 2082/11/12 (24th February2026)

For the provision on sub clauses 27.2 and 27.3 of Public Procurement Act 2063, this is notifying to all Bidders who submitted their bids for the contract as per the IFB Notice published on different dates on National Daily, that the following mentioned lowest evaluated substantial responsive bidder is intended to award the Contract.

| SN | NameofProject | IFB No | Name of Successful Bidders | Bid Amount (Excluding VAT&PS), NRs | IFB Notice Publication dates |
|---|---|---|---|---|---|
| 1 | Constructionof Rural Road from Phewa Dam to Titepani to Tari Basti, PMC-22 Contract ID: 38/PMC/NCB/W/Purbadhar/082-83) | 15.4/PMC /082-83 | M/SP.M.P. Construction Company, Galyang-3, Syangja | 27,00,433.55 | January7, 2026 |
| 2 | Construction of Sabhahall at Indrarajya School, PMC-16 (Contract ID: 40/PMC/NCB/W/Purbadhar/082-83) | 15.6/PMC /082-83 | M/SPK Construction, Pokhara | 20,27,531.20 | January7, 2026 |
| 3 | Construction of Indrani Adharbhut Bidhyalaya, PMC-31 (Contract ID: 43/PMC/NCB/W/Purbadhar/082-83) | 15.9/PMC /082-83 | M/S Subharambha Malika Devi ConstructionPvt. Ltd, Pokhara | 17,74,810.60 | January7, 2026 |

Chief Administrative Officer

# Gharapjhong Rural Municipality

## Office of rural Municipal Executive

Jomsom, Mustang

Gandaki Province, Nepal

## INVITATION FOR BID

Date of publication:- 2082/11/12

1. Gharapjhong Rural Municipality the office of the Rural Municipal Executive Jomsom  Mustang invites Electronic bids from eligible National Bidders under National competitive Bidding
2. The details of the project are as following

| S.N. | Contract No/ID | Description of works | Total Estimated Amount ( without vat, PS & contingencies ) ( Nrs) | Bid Security Amount (Nrs ) | Bid Document Fee (Nrs) | Last date of bid submission |
|---|---|---|---|---|---|---|
| 1 | GRMJ/NCB/W/ 2082/83/05 | Construction of one storeyed 4 room in chhairo  Basic school | 62,23,573.13 | 2,00,000 | 3,000 | 2082/12/11 12:00 PM |
| 2 | GRMJ/NCB/W/2082/83/06 | Construction of waste management Building in Jomsom | 37,25,342.40 | 1,20,000 | 3000 | 2082/12/11 12:00 PM |

**Bank Information**

| Name Address of the Bank | Office Account no. |
|---|---|
| Nepal Bank Ltd. Jomsom, Mustang | Internal Revenue Account No. 06803000001001000001<br>Dharauti Account No. 06803000003000000001 |

**For detail contact No. 069440016**

- Tender Procedures shall follow Public Procurement Act (1st Amendment, 2073) and Public Procurement Regulation (14th Amendment, 2082).
- Bidders shall download the bidding documents and submit their bids electronically through e-procurement section of PPMO's website http://bolpatra.gov.np/egp, as specified in the Bidding data sheet for provision of E-Bidding.
- A new firm established by any person or manager of a firm or company that is blacklisted according to PPA will be ineligible to submit bids.
- For further information, please refer to the PPMO's website as prescribed above. Any amendment in the notice or bid documents will be posted in notice board of this office or PPMO's website.
- The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.

Chief Administrative  Officer


ढोरपाटन सञ्चार प्रा.लि.द्वारा प्रकाशित, **प्रधान सम्पादक:** हरिनारायण गौतम, **कार्यकारी सम्पादक** : रामकृष्ण बोहरा, **प्रधान कार्यालय :** बा.-२, बागलुङ, **पोखरा कार्यालय:** सिर्जनाचोक-८, कास्की, Email: dailydhorpatan@gmail .com फोन : ०६८-५२०३८३, ०६१-५७८९०५ **मुद्रण :** हिमालय अफसेट प्रेस, नयाँबजार, पोखरा